बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

# करार सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९/ ०५/०३)

स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०७९ बमोजिम देहायका स्थानीय तहहरुमा न्यायिक सहजकर्ताको पद रिक्त रही वि.सं. २०८० असार मसान्तसम्मका लागि करार गरी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको दस्तुर तिरेको भौचर संलग्न गरी सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्तुत कार्यविधि, आवेदन फाराम मन्त्रालयको वेवसाइट **www.moial.bagamati.gov.np** मा हेर्न सकिनेछ।

१. सूचना नं. ०१/२०७९/०८०

| जिल्ला | रिक्त स्थानीय तह |
|---|---|
| मकवानपुर | मकवानपुरगढी गा.पा., कैलाश गा.पा |
| चितवन | रत्ननगर न.पा, रासी न.पा |
| धादिङ | रुवीभ्याली गा.पा |
| नुवाकोट | बिदुर गा.पा, सुर्यगढी गा.पा, ककनी गा.पा |
| काठमाण्डौं | गोकर्णेश्वर न.पा, तारकेश्वर न.पा, बुढानिलकण्ठ न.पा |
| भक्तपुर | चाँगुनारायण न.पा. |
| ललितपुर | बागमती गा.पा |
| काभ्रेपलाञ्चोक | बेथानचोक गा.पा, चौरीदेउराली गा.पा. |
| सिन्धुपाल्चोक | इन्द्रावती गा.पा, जुगल गा.पा, बलेफी गा.पा, हेलम्बु गा.पा |
| सिन्धुली | गोलन्जोर गा.पा |

२. पद/तहः स्थानीय न्यायिक सहजकर्ता (सहायक पाँचौं)

३. सेवा सुविधाः प्रचलित निमानुसार

४. उम्मेद्वारले काम गर्नु पर्ने कार्यालयः छनौट एवं सिफारिस भएको सम्बन्धित स्थानीय तह

५. आवेदन दस्तुरः रु दुई सय । *(राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको खाता नं.१००१००२०००१००००, कार्यालय कोड: ३१४००३२०१३, राजश्व खाता शीर्षक नं. १४२२९ परीक्षा शुल्क शीर्षकमा बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।)*

६. न्यूनतम योग्यताः

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको ।

७. छनौटका आधारहरुः

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) व्यावसायिक प्रमाणपत्र

(घ) बासिन्दाको आधार

(ङ) महिला उम्मेदवार

(च) न्यायिक/कानूनी सहजकर्ताको अनुभव

(छ) अन्तरवार्ता।

८. आवेदकले संलग्न गर्नुपर्नेः

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

९. आवेदन बुझाउने स्थान/कार्यालयः सम्बन्धित जिल्ला समन्वय समतिको कार्यालय ।

*नोटः आवेदकले उल्लिखित कुनै एक स्थानीय तह मात्र उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।*